मिक्वाखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थलङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक मितिः २०७९/०८/१० शनिबार  बैठक सङ्ख्याः ५

वैठक प्रारम्भ समयः ०३:०० बजे अपरान्ह्  बैठक समापन समयः ६:०० बजे अपरान्ह

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| 2. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| 3. | श्री ललित नारायण यादव | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| 4. | श्री राम कुमार लिम्बु | वडा नं. १ अध्यक्ष | | |
| 5. | श्री झरेन्द्र प्रसाद थापा | वडा नं. २ अध्यक्ष | | |
| 6. | श्री मचिन्द्र कुमार लिम्बु | वडा नं. ३ अध्यक्ष | | |
| 7. | श्री सदन कुमार लिम्बु | वडा नं. ४ अध्यक्ष | | |
| 8. | श्री ग्यान्जे शेर्पा | वडा नं. ५ अध्यक्ष | | |
| 9. | श्री फुपुलामु शेर्पा | का.पा. सदस्य | | |
| 10. | श्री सरिता गहते | का.पा. सदस्य | | |
| 11. | श्री लछीमाया विश्वकर्मा | का.पा. सदस्य | | |
| 12. | श्री सलिना बराईली | का.पा. सदस्य | | |
| 13. | श्री मदन कुमार विक | का.पा. सदस्य | | |

**अन्य उपस्थितिः**

| | | | | |
|---|---|---|---|---|
| १ | श्री गजेन्द्र थलङ | योजना शाखा प्रमुख | | |
| २ | श्री सुमन गिरी | सूचना प्रविधि अधिकृत | | |
| ३ | श्री घनेन्द्र थापा | अध्यक्ष निजि सचिव | | |
| ४ | श्री पवन भट्टराई | प्रशासन शाखा प्रमुख | | |
| ५. | श्री महेन्द्र अधिकारी | पशु सेवा शाखा प्रमुख | | |

**प्रस्ताव नं. १, विशेष गाउँ सभा सम्बन्धमा ।**

**निर्णय नं. १,** प्रस्ताव नं. १ माथी छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को उपदफा (३) बमोजिम सभाका एक तिहाई सदस्यहरुले विशेष गाउँसभा बोलाउनको लागि गा.पा. अध्यक्ष श्री भक्त बहादुर कार्की समक्ष मिति:२०७९/०८/०८ गते निवेदन पेश गरेको हुदा मिक्वाखोला गाउँपालिकाको विशेष गाउँ सभा मिति २०७९/०८/१६ गते शुक्रबार देखि सञ्चालन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**प्रस्ताव नं. २, नागरिकको रोजगारीको हक सम्बन्धी कामको लागि स्थानीय निर्देशक समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. २,** प्रस्ताव नं. २ माथी छलफल गर्दा रोजगारीको हक सम्बन्धी नियमवाली, २०७५ को दफा १४ को उपदफा १ बमोजिम स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक **स्थानीय निर्देशक समिति तपसिल** बमोजिम गठन निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

तपसिल:

अध्यक्ष: श्री भक्त बहादुर कार्की (गा.पा अध्यक्ष)
सदस्य: श्री डण्डु लामा शेर्पा (गा.पा. उपाध्यक्ष)
सदस्य: श्री मचिन्द्र लिम्बु (वडा नं. ३ अध्यक्ष)
सदस्य: श्री राम कुमार सुब्बा लिम्बु (वडा नं. १ अध्यक्ष)
सदस्य: श्री ललित नारायण यादव (नि.प्र.प्र.अ)
सदस्य-सचिव: श्री पवन भट्टराई (रोजगार संयोजक)

**प्रस्ताव नं. ३, गाउँपालिका राष्ट्रिय महासंघको तेस्रो राष्ट्रिय महाधिवेशनमा सहभागिता जनाउने सम्बन्धमा ।**

**निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथी छलफल गर्दा गाउँपालिका राष्ट्रिय महासंघ नेपालको मिति २०७९/०७/१३ गतेको प्राप्त पत्रानुसार यस गाउँपालिका बाट व्यहोर्नुपर्ने गत आ.व. को वार्षिक सदस्यता शुल्क रु. २०,०००।०० (अक्षरेपी रु विस हजार मात्र।) यस आ.व. को वार्षिक सदस्यता शुल्क रु. २०,०००।०० (अक्षरेपी रु विस हजार मात्र।) र प्रवेश शुल्क रु १०,०००।०० (अक्षरेपी रु दश हजार मात्र।) गरी जम्मा रु ५०,०००।०० (अक्षरेपी रु पचास हजार मात्र।) विविध खर्च शिर्षकबाट खर्च गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं. ४, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत (आलु पकेट) कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथी छलफल गर्दा मिक्वाखोला गाउँपालिका अन्तर्गत सबै वडाहरुमा लगभग १८०० घरधुरीलाई कम्तिमा २० के.जि. को दरले यथाशिघ्र आलुको विउ वितरण गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**प्रस्ताव नं. ५, स्थानीय तहमा कृषि स्नातक प्राविधिक करारमा पदपुर्ती गर्ने सम्बन्धमा।**

**निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ को दफा ६(१) बमोजिम कृषि स्नातक प्राविधिक करारमा पदपुर्ती गर्न पन्ध्र दिने (१५ दिने) सूचना प्रकाशन गरिने सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं. ६, फिल्ड सहायकहरुको काममा काजमा खटाइ हाजिरि गर्ने व्यवस्था मिलाउने सम्बन्धमा।**

**निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस मिक्वाखोला गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत निम्न बमोजिमका फिल्ड सहायकहरुलाई निम्न बमोजिमको वडाहरुको कार्य विभाजन सहित हाजिरि गर्न व्यवस्था गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निम्नः

| क्र.सं. | नाम | कार्य क्षेत्र | हाजिर गर्नुपर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | डिकमाया बस्नेत | वडा नं. १,२ र ३ | वडा नं. २ को कार्यालय | |
| २. | डिमा छिरिङ शेर्पा | वडा नं. ४ र ५ | वडा नं. ५ को कार्यालय | |

***आजको बैठक यहि अन्त्य गरियो ।***

मिक्वाखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थलङ, ताप्लेजुङ १ नं. प्रदेश, नेपाल २०७३